माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम
कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४
सूचना नं..

मिति: २०८३/०६/१२
ने.सं. ११४६

# जनस्वास्थ्य अधिकृत पद करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८३/०६/१२)

प्रस्तुत विषयमा आ.व. २०८३/०८४ मा नेपाल सरकार, सशर्त अनुदानमार्फत विनियोजित **"म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम"** सञ्चालनका लागि यस माङसेबुङ गाउँपालिकामा **जनस्वास्थ्य अधिकृत** पद करारमा पदपूर्ति गर्नुपर्ने भएकाले देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र**, कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिदसहित **३ (तीन) प्रति पासपोर्ट साइजको फोटो** संलग्न गरी रीतपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. विज्ञापन नम्बर र सेवा सम्बन्धी विवरण**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१-०८३/०८४ | जनस्वास्थ्य अधिकृत | सातौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित व्यावसायिक परिषदमा दर्ता/नवीकरण भएको |

**२. दरखास्त दिने स्थान**

माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इभाङ, इलाम।

**३. दरखास्त दिने अन्तिम मिति** - २०८३/०६/२६ गतेसम्म, कार्यालय समयभित्र।

**४. दरखास्त दस्तुर-** रु. १,०००। (एक हजार रुपैयाँ मात्र)। अनलाईन मार्फत भुक्तानी गर्नु परेमा MANGSEBUNG GA.PA GA-1.1 ANTARIK RAJASWAKHATA 0690100000001202 मा गर्न सकिनेछ ।

**५. छनोटको किसिम-** लिखित परीक्षा, कंप्यूटर परीक्षण र अन्तर्वार्ता।

**६. उमेर** - दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**७. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू**

आवेदक दरखास्त निवेदन सहित स्वयंले प्रमाणित गरेको देहायबमोजिमका कागजातहरूको प्रतिलिपि संलग्न गर्नुपर्नेछः

नवदीप राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इभाङ, इलाम

कोशी प्रदेश, नेपाल


पत्र संख्या: २०८३/०८४

सूचना नं..

मिति : २०८३/०६/१२

ने.सं. ११४६

१. नेपाली नागरिकताको प्रमाणपत्र,

२. न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र,

३. चारित्रिक प्रमाणपत्र,

४. अनुभव भए सो खुल्ने प्रमाणपत्र/कागजात,

५. सम्बन्धित व्यावसायिक परिषदमा दर्ता/नवीकरण भएको प्रमाणपत्र,

६. पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति।

८. **तलब-** सशर्त अनुदानमा विनियोजित बजेटबाट सम्झौता बमोजिम हुनेछ।

९. **लिखित परीक्षाको पाठ्यक्रम**

लिखित परीक्षाको पाठ्यक्रम कोशी प्रदेश लोक सेवा आयोगको स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, अधिकृतस्तर सातौं तहको पाठ्यक्रम बमोजिम हुनेछ। लिखित परीक्षा विषयगत तथा वस्तुगत बहुवैकल्पिक प्रणालीमा सञ्चालन गरिनेछ।

१०. **छनौट परीक्षाको मिति** : पछि प्रकाशित गरिनेछ ।

नोट: दरखास्त आवेदन फाराम तथा अन्य जानकारीका लागि माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इभाङ, इलामको https://mansebungmun.gov.np बाट प्राप्त गरिन सकिनेछ र अनलाईन मार्फत आवेदन पठाउनु पर्ने भएमा ito.mansebungmunilam@gmail.com मा पठाउन हुन र थप जानकारीका लागि प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

नवदीप राई

प्रमुख प्रशासकीय अधिकृत